म.जि.प्र.का दर्ता नं:
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- १६५ २०८१ वैशाख २४ गते सोमबार 6 May 2024, Monday - पृष्ठ ४ मूल्य रु. ५/-

**मुखको स्वास्थ्यमा ध्यान दिऔं**

दाँत तथा मुखको रोगले मानव स्वास्थ्यमा गम्भीर असर पार्ने हुँदा:

- चिनीयुक्त वा दाँतमा टाँस्सिने खालका खानेकुरा कम खाऔं,
- रेसादार खाना, फलफूल र हरियो सागसब्जी सेवन गरौं,
- फ्लोराईडयुक्त टुथपेष्टले दुई मिनेटसम्म दिनको दुई पटक ब्रस गरौं,
- खाना खाईसकेपछि राम्रोसँग ब्रस वा कुल्ला गर्ने गरौं,
- डेन्टल फ्लसको मद्धतले दाँतमा अड्किएको खाना निकालौं,
- सुर्तिजन्य पदार्थ तथा मद्यपान सेवन नगरौं,

नियमित रुपमा मुख तथा गिजाको जाँच गराऔं, गम्भीर रोगबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# शिक्षा प्रणाली परिवर्तन गर्न आवश्यक: मुख्यमन्त्री जमकट्टेल



समाज संवाददाता

हेटौंडा: बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जमकट्टेलले देशको वर्तमान शिक्षा प्रणाली परिवर्तन हुनुपर्ने बताउनुभएको छ । आइतबार हेटौंडा-७ मा बागमती विश्वविद्यालय सम्पर्क कार्यालय उद्घाटन कार्यक्रममा बोल्नुहुँदै उहाँले यस्तो बताउनुभएको हो ।

देशमा अहिले शिक्षा हासिल गरेपनि बेरोजगार हुने, आफूले लगानी गरेर पढेको शिक्षाले जीवन धान्न नसक्ने र आत्मनिर्भर नहुने मनस्थितिबाट गुज्रिरहेको भन्दै उहाँले शिक्षा प्रणाली नै परिवर्तन गर्नुपर्ने बताउनुभयो । उहाँले शिक्षा क्षेत्रमा लागेका विद्वान र मन्त्रीहरु नै विभिन्न कन्सल्टेन्सीसँग मिलेमतो गरी विद्यार्थीलाई बाहिर जान बाध्य बनाइरहेको आरोप लगाउनुभयो । उहाँले विद्यालयहरुले लिने प्रवेश परीक्षा र कोटा प्रणाली घातक भएको बताउनुभयो ।

विद्यार्थीहरुलाई प्रवेश परीक्षाको नाममा फेल गराएर चाहेको विषय पढ्न नदिने र पास भए पनि कोटा प्रणाली हुँदा विद्यार्थीहरु पढ्नबाट वञ्चित हुने र बाहिर जान बाध्य भएको उहाँको भनाइ छ । यो विरुद्धमा प्रदेश सरकारले लडाइँ लड्ने उहाँले बताउनुभयो । गणतन्त्रमा यो कुरा सह्य नहुने भन्दै उहाँले वर्तमान शिक्षा प्रणाली परिवर्तन गर्ने बताउनुभयो ।

मुख्यमन्त्री जमकट्टेलले प्रदेश सरकारले प्राविधिक र व्यावसायिक शिक्षामा जोड दिने बताउनुभएको छ । प्रदेश विश्वविद्यालयमा कृषि, स्वास्थ र पर्यटनका विषयको अध्यापनमा विशेष जोड दिने उहाँले बताउनुभयो । विश्वविद्यालय स्वायत्त ढङ्गले चल्न दिने गरी प्रदेश सरकारले नीति बनाएको भन्दै यसमा कुनै राजनीतिक र बाह्य पक्षको हस्तक्षेप नहुने उहाँको भनाइ छ ।

यस्तै, बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलले अब बन्ने विश्वविद्यालयबाट युवाहरूलाई विदेश जानबाट रोक्ने खालको शिक्षा दिनुपर्ने बताउनुभयो । विश्वविद्यालयबाट उत्पादन हुने विद्यार्थीहरुले देशमै केही गर्ने सपना देख्न सक्नुपर्ने उहाँको भनाइ छ । अहिले देशमा धेरै विश्वविद्यालय रहेपनि विद्यार्थीहरु खाली भइरहेको भन्दै उहाँले नयाँ ढङ्गले विश्वविद्यालय अगाडि बढाउनुपर्ने बताउनुभयो ।

आफू नेतृत्वको सरकार गठन भएदेखि नै हेटौंडामा विश्वविद्यालय बनाउन काम थालिएकोमा अहिले त्यसको प्रक्रिया खुलेकोमा उहाँले वर्तमान सरकारलाई धन्यवाद व्यक्त गर्नुभयो । उहाँले कुनै एक व्यक्ति र सरकारले मात्रै विश्वविद्यालयलाई सफल बनाउन नसक्ने भन्दै सबैको भूमिका रहने पनि बताउनुभयो ।

बामगती प्रदेश सरकारकी सामाजिक विकासमन्त्री कुमारी मोक्तानले प्रदेश सरकारले शिक्षा क्षेत्रमा विशेष चासो राखेर विश्वविद्यालयका लागि प्रक्रिया अगाडि बढाएको बताउनुभयो । प्रदेश सरकारले आफ्नो क्षेत्रधिकारभित्र रहेर उक्त काम सुरु गरेको बताउनुहुँदै उहाँले अब बाँकी प्रक्रियाका कामहरु अगाडि बढ्न सजिलो हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा मुख्यमन्त्री जमकट्टेलले सामाजिक विकास मन्त्रालयका सचिव भीष्मराज भुसाललाई बोर्ड अफ ट्रष्टिजको प्रमाणपत्र हस्तान्तरण गर्नुभएको छ । यससँगै विश्वविद्यालय अगाडि बढ्न र स्थापनाका लागि बाटो खुलेको छ ।

कार्यक्रममा प्रदेश सरकारका आर्थिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठ, भौतिक पूर्वाधारमन्त्री युवराज दुलाल, स्वास्थ्यमन्त्री रामेश्वर श्रेष्ठ, प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, जिल्ला प्रशासन कार्यालय मकवानपुर प्रमुख सूर्यप्रसाद सेढाई र बागमती प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी महानिरीक्षक विष्णुकुमार केसी र जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरी उपरीक्षक सीताराम रिजाललगायतको उपस्थिति रहेको थियो ।

## बागमती प्रदेश सरकारको निर्णय

# उच्च शिक्षा ऐन संशोधन गर्न अध्यादेश

समाज संवाददाता

हेटौंडा: बागमती प्रदेश सरकारले बागमती प्रदेश उच्च शिक्षा ऐनलाई संशोधन गर्न अध्यादेश ल्याउने भएको छ । आइतबार बसेको मन्त्रिपरिषद् बैठकको निर्णय सञ्चारकर्मीहरुलाई सुनाउनुहुँदै सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले केही ऐनका प्रावधानहरु संशोधन गर्न अध्यादेश ल्याउने निर्णय गरेको बताउनुभयो ।

उहाँका अनुसार पदेन सदस्यबाहेक संरक्षण समितिका अध्यक्ष र सदस्यहरुको कार्यकाल ६ वर्षको हुनेछ । तर यो ऐनअनुसार मनोनित भएका संरक्षण समितिका अध्यक्ष, पदेन सदस्य बाहेक पदाधिकारीको पहिलो पटक पदावधि कायम गर्दा गोलाप्रथाद्वारा ५ जनाको पदावधि ४ वर्ष र ४ जनाको ६ वर्ष कायम गरिने उहाँले बताउनुभयो । संरक्षण समितिका अध्यक्ष छिट्टै फेरिने अवस्थाको अन्त्य गर्न र पदाधिकारीहरुको संस्थागत स्मृति कायम गर्न यो अध्यादेशमार्फत् संशोधन गर्ने निर्णय भएको उहाँले बताउनुभयो ।

यसअघिको व्यवस्थामा संरक्षण समितिमा अध्यक्ष पूर्णकालीन पदाधिकारीको रुपमा कार्यरत रहने व्यवस्था थियो । पदेन सदस्यबाहेक संरक्षण समिति अध्यक्ष र सदस्यहरुको कार्यकाल ६ वर्षको हुने तर यो ऐनअनुसार मनोनित भएका संरक्षण समिति बोर्डका पदाधिकारीहरुको पहिलो पटक पदावधि गर्दा दुई जनाको २ वर्षको, तीन जनाको पदावधि ४ वर्षको र ४ जनाको पदावधि ६ वर्ष कायम गरिने व्यवस्था थियो ।

यस्तै, बैठकले केही समयअघि रामेछाप र ललितपुरमा आगलागीबाट मृत्यु भएका तीन जनाको परिवारलाई एक-एक लाख रुपैयाँ उपलब्ध गराउने पनि निर्णय भएको छ । रामेछापका एक जना र ललितपुरका दुई जना मृतकका परिवारलाई उक्त रकम उपलब्ध गराउने भएको हो ।

# गाउँपालिका र प्रधानाध्यापकहरुबीच कार्यसम्पादन सम्झौता



समाज संवाददाता

हेटौंडा: पूर्वी मकवानपुरको बागमती गाउँपालिकामा पालिका र प्रधानाध्यापकहरुबीच कार्यसम्पादन सम्झौता भएको छ । आइतबार एक कार्यक्रमका बीच पालिकाका प्रमुख प्रशासकीय अधिकृत झम्कनारायण घलान र प्रधानाध्यापकहरुबीच कार्यसम्पादन सम्झौता भएको हो ।

पालिकाभित्रका सामुदायिक विद्यालयको समग्र व्यवस्थापन तथा शैक्षिक उपलब्धी सुधारका लागि सम्झौता गरेको पालिकाका शिक्षा शाखा प्रमुख प्रमोद राईले जानकारी दिनुभयो । सम्झौतापत्रमा विद्यालयको भौतिक पूर्वाधार तथा शैक्षिक उपलब्धीमा सुधारका लागि विद्यालयको दूरदृष्टिसहितको गुरुयोजना निर्माण गर्ने र सोको आधारमा पाँच वर्षे विद्यालय सुधार योजना चालु शैक्षिक सत्रमा निर्माण गरी कार्यान्वयन गर्ने भएको छ ।

विद्यालय सेवा क्षेत्रभित्रका ५ देखि ९ वर्षसम्मका सबै बालबालिकालाई विद्यालय ल्याउने र कुनै पनि बालबालिका विद्यालय बाहिर नरहेको घोषणा गर्ने भएको छ । यस्तै, विद्यालयमा बालबालिकालाई नियमित आउन र शैक्षिक सत्रको अन्तसम्म टिकाएर राख्न बालमैत्री विद्यालय व्यवस्थापन, समय-समयमा अभिभावक परामर्श, बालसुलभ व्यवहार तथा भयरहित शिक्षणको अवस्था सिर्जना गर्ने सम्झौतापत्रमा उल्लेख छ ।

प्रारम्भिक बालकक्षादेखि कक्षा तीनसम्म कक्षा शिक्षणको व्यवस्थापनसहित धुलोरहित कक्षाकोठा निर्माण गरी भुइँखाटमा कार्पेटसहितको बालमैत्री बसाई व्यवस्थापन मिलाएर निरन्तर विद्यार्थी मूल्यांकनमार्फत् बालबालिकाको सर्वाङ्गीण विकासमा जोड दिने कार्यसम्पादन सम्झौतामा उल्लेख छ । विद्यार्थी अनुपस्थितिको मासिक विश्लेषण गरी लक्षित अभिभावकसँग नियमित अन्तरक्रिया तथा भेटघाट र कक्षा शिक्षक, विषय शिक्षक र प्रधानाध्यापक तथा सम्बन्धित विद्यार्थीका अभिभावकका बीचमा त्रैमासिक भेलाको व्यवस्थापन गर्ने भएको छ ।

यस्तै, सरोकारवालाहरुसँगको समन्वय र सहकार्यबाट विद्यालयमा पुस्तकालयको व्यवस्थापन, सूचना प्रविधिसहितको शिक्षण, श्रव्यदृष्य सामग्रीद्वारा शिक्षण तथा विज्ञान प्रयोगशालाको व्यवस्थापनका लागि पूर्वाधार निर्माण र शिक्षक क्षमता अभिवृद्धिजस्ता कार्यहरुमा जोड दिने भएको छ । विद्यालयका प्रत्येक शिक्षकबाट विषयगतरुपमा आवश्यक शैक्षिक सामग्रीको सूची तयार गर्न लगाएर शैक्षिक सामग्री संकलन तथा निर्माण कार्यशाला सञ्चालन गर्ने, खरिद गर्नुपर्ने सामग्री बजारबाट खरिद गर्ने व्यवस्था मिलाएर सामग्रीसहितको शिक्षण सुनिश्चित गर्ने भएको छ ।

विद्यालयमा विषय शिक्षण समिति बनाएर विषय शिक्षण विभागीय प्रमुखले अन्य शिक्षकहरुको कक्षा अवलोकन पृष्ठपोषण तथा अभिलेखीकरण गर्ने र सोको प्रतिवेदन शिक्षा शाखामार्फत् गाउँ शिक्षा समितिमा पेस गर्ने भएको छ । विद्यालयमा अध्यापनरत सम्पूर्ण शिक्षकहरुलाई अघिल्लो शैक्षिक सत्रको सिकाइ उपलब्धीको आधारमा चालु शैक्षिक सत्रको अन्त्यमा पुऱ्याउने सिकाइ उपलब्धीको लक्ष्य निर्धारण गर्न लगाएर सो पूरा गर्ने प्रतिबद्धता लिने तथा कार्यसम्पादन सम्झौता गर्ने भएको छ ।

आफ्नो शैक्षिक उपलब्धीप्रति विद्यार्थीहरुलाई जिम्मेवार बनाउन कक्षा ६ देखि माथिका प्रत्येक विद्यार्थीलाई प्रथम त्रैमासिक परीक्षाको नतिजाको आधारमा अर्धवार्षिक र वार्षिक परीक्षामा ल्याउने विषयगत प्राप्तांकको किटान गर्न लगाएर अभिभावकलाई जानकारी गराउने, सिकाइ उपलब्धी सुधारका लागि सबै विषयगत शिक्षकहरुबाट ६० सम्मलाई कम्तिमा १० प्रतिशत र ६० भन्दा माथिलाई कम्तिमा ५ प्रतिशत सिकाइ उपलब्धी बढाउने प्रतिबद्धतासहितको शिक्षण सुधार योजना निर्माण गर्न लगाई सोको कार्यान्वयनमा जोड दिने भएको छ ।

विद्यालयको सम्पूर्ण गतिविधि तथा आयव्ययको जानकारी विद्यालयका अभिभावक एवम् सरोकारवालाहरुलाई दिनका लागि प्रत्येक वर्ष गरिने सामाजिक परीक्षण र लेखा परीक्षण कार्यलाई पारदर्शी तथा सहभागितामूलक बनाई तोकिएको कार्यविधि अनुसार सम्पन्न गर्ने सम्झौतामा उल्लेख छ । विद्यालयका महत्वपूर्ण तथ्याङ्कहरु विद्यार्थी भर्ना अभिलेख, शिक्षक विद्यार्थी उपस्थिति अभिलेख, शिक्षकहरुले उपभोग गरेको तथा सञ्चित बिदा, विद्यार्थी सिकाइ उपलब्धी, विद्यालयको सम्पूर्ण आयव्यय, जिन्सी अभिलेख, छात्रवृत्तिलगायतका विद्यालयका महत्वपूर्ण अभिलेखहरुको पारदर्शी ढङ्गबाट व्यवस्थापन र सुरक्षा गर्ने सम्झौता भएको हो ।

विद्यार्थीहरुका लागि वितरण गर्नुपर्ने छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने, शिक्षा ऐन तथा नियमावलीअनुसार विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन र समितिको काम, कर्तव्य र अधिकारको प्रयोग हुने वातावरण सुनिश्चित गर्ने र नियमानुसार बैठक बसी शैक्षिक सवालमा छलफल र कार्यान्वयनको अवस्था आदिको बारेमा प्रधानाध्यापक बैठकमा प्रतिवेदन पेस गर्ने र कार्यहरुको कार्यान्वयनका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक स्टाफको संयुक्त बैठकबाट आवश्यक निर्णयसहित स्पष्ट कार्ययोजना शिक्षा शाखामार्फत् गाउँ शिक्षा समितिमा पेस गर्ने सम्झौतापत्रमा उल्लेख छ । आइतबार नै प्रधानाध्यापकहरुको नेतृत्व विकास तालिम आयोजना भएको छ ।

तालिममा धनञ्जय शर्मा, टीका भट्टराई र वीरबहादुर राईले सहजीकरण गर्नुभएको थियो । पालिकाका सामाजिक विकास समितिका संयोजक एवम् ३ नम्बर वडाध्यक्ष कमानसिंह पाखिनको सभाध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिकाका अध्यक्ष सर्केश घलान, १ नम्बर वडाध्यक्ष यहुन्ना राई, २ नम्बर वडाध्यक्ष जनक पहरी, ५ नम्बरका वडाध्यक्ष विजय भोलन र ७ नम्बर वडाध्यक्ष उत्तर भोलनलगायतको आतिथ्य रहेको थियो ।

**प्रशिक्षार्थी कर्मचारी आवश्यकता**

यस समृद्ध समाज राष्ट्रिय दैनिकका लागि बजार प्रतिनिधिको रुपमा काम गर्ने गरी तपसील बमोजिम प्रशिक्षार्थी कर्मचारी आवश्यक भएकोले योग्य नेपाली नागरिकबाट २०८१ साल बैशाख २८ गतेभित्र दरखास्त आव्हान गरिन्छ ।

**तपसील**
पद: बजार प्रतिनिधि (प्रशिक्षार्थी)
आवश्यक संख्या: २ (दुई) जना
शैक्षिक योग्यता: व्यवस्थापन संकायमा १२ कक्षा उत्तीर्ण ।
ग्राह्यता: स्नातक तह अध्ययनरत । मोटरसाइकल/स्कुटर चलाउन सक्ने, सवारी चालक अनुमतिपत्र भएको, अनुभवी ।
आवश्यक कागजात: नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक प्रमाणपत्रको प्रतिलिपि, हस्तलिखित निवेदन ।

हेटौंडा, मकवानपुर

समृद्ध समाज राष्ट्रिय दैनिक
हेटौंडा-४, अजरअमररोड
०५७-५२६८३०/९८५५०६८२२७

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्याबरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

के तपाइ' आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०

हेटौंडा, मकवानपुर

Email:sambridhasamaj@gmail.com

## सम्पादकीय

# रंगशाला पूर्ण हुने आशा

झण्डै डेढ दशकदेखि निर्माणाधीन गौरीटार रंगशालाले पूर्णता पाउने आशा बढेको छ । वि.सं २०६६ जेठ २८ गते केन्द्रीय खेलकुद प्रतिष्ठानको नाममा शिलान्यास भएको गौरीटार रंगशाला लामो समयसम्म सरकारी बेवास्ताको शिकार बन्यो । तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालले झण्डै ५ अर्ब खर्च गरेर ५ वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्यसहित प्रतिष्ठानको उद्घाटन गरेका थिए । तत्कालीन सरकारहरुले न्यून बजेट विनियोजन गरेका कारण रंगशाला निर्माणको काम अलपत्र परेको हो । रंगशाला निर्माणमा बजेट न्यून हुँदा शिलान्यास भएको करिब १० वर्षसम्म रंगशालाको वरपर पर्खाल र खेलाडीको छात्राबासमात्र बनेको थियो । २०७४ मा प्रदेश सरकार गठन भएपछि बागमतीका प्रदेशका तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले रंगशाला निर्माणमा चासो देखाएसँगै रंगशालामा केही संरचना थपिन थालेको थियो । संघीय सरकारले बेवास्ता गरे पनि बागमती प्रदेश सरकारले हरेक वर्ष केही बजेट छुट्याउँदै आएको छ ।

पछिल्लो समय बागमती प्रदेश सरकारले आफ्नो गौरबको योजनामा यो रंगशालालाई समावेश गरेपछि रंगशाला निर्माणको कामले केही गति लिएको छ । शनिबारमात्रै बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले गौरीटार रंगशालामा पौडी पोखरी र क्रिकेट रंगशाला निर्माणका शिलान्यास गरेका छन् । प्रदेश सरकारको २० करोडभन्दा बढी लगानीमा स्विमिङ पुल र क्रिकेट रंगशाला निर्माण हुन लागेको हो । ८ करोड ६२ लाख ६१ हजारमा स्विमिङ पुल र ११ करोड ७४ लाख रुपैयाँमा क्रिकेट रंगशाला निर्माणको ठेक्का सम्झौता भएको छ । गत चैत ३० गते भएको सम्झौताबमोजिम निर्माण कम्पनीले २०८२ असार मसान्तसम्म निर्माण कार्य सम्पन्न गर्नु पर्नेछ । सम्झौताबमोजिम २ वटा स्विमिङ पुलसहित प्यारापिट निर्माण हुनेछ । यस्तै, करिब ८० करोड लागत अनुमान गरिएको क्रिकेट रंगशालामा पनि पहिलो चरणमा करिब ६ हजार जना भीआइपी अट्ने प्यारापिट निर्माण हुनेछ । यस्तै, ग्राउन्ड लक स्प्रिङ्ग, ५ वटा क्रिकेट पिच, स्कोर बोर्डलगायत फिनिसिङका कामहरु हुनेछ ।

गौरीटार रंगशाला देशकै ऐतिहासिक रंगशाला हो । यहाँ पहिलोपटक २०४० सालमा प्रथम अन्तरनगर खेलकुद प्रतियोगिता भएको थियो । त्यतिबेलै सुविधासम्पन्न रंगशाला बनाउने घोषणा गरिएको भए पनि कार्यान्वयन हुन सकेन । करिब २३ विगाह क्षेत्रफलमा फैलिएको यो रंगशालामा २०७० सालमा महिलाहरुको राष्ट्रिय फुटबल प्रतियोगितासमेत सञ्चालन गरिएको थियो । गत माघ १६ गतेबाट गौरीटार रंगशालामा छैटौं संस्करणको शहीद स्मृति गोल्डकप फुटबल प्रतियोगिता सञ्चालन भएको थियो । पछिल्लो समय प्रथम अन्तरप्रदेश खेलकुद प्रतियोगिताको पुरुष फुटबल र समापन कार्यक्रम यही रंगशालामा भएको थियो । बागमती प्रदेश सरकारले अन्तर्राष्ट्रिय स्तरको रंगशाला बनाउन यहाँ विभिन्न १९ प्रकारका संरचना निर्माण गर्ने भएको छ । ९ वटा कभर्डहल, एउटा बहुउद्देश्यीय कभर्डहल, फिटनेस सेन्टर, रेसिङ ट्राक, खेलाडी छात्राबास, कार्यालय, ब्लग, कन्फ्रेन्स हललगायत संरचना निर्माण हुने भएको हो ।

बागमती प्रदेशको राजधानी हेटौंडामा खेलको नियमित अभ्यास र प्रतियोगिता सञ्चालनको लागि गौरीटार रंगशाला महत्वपूर्ण पूर्वाधार हुनेछ । यो रंगशाला निर्माण सम्पन्न भएपछि यहाँ थुप्रै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन गर्न सकिनेछ । केन्द्रीय खेलकुद प्रतिष्ठान बनाउने भन्दै शिलान्यास गरेको भए पनि ८ वर्षसम्म संघीय सरकारले जम्मा ५ करोड रुपैयाँमात्र रंगशालाको पर्खार र छात्रावास भवन निर्माणमा खर्च गरेको थियो । संघीयता कार्यान्वयनमा आइसकेपछि संघीय सरकारले यस रंगशालाको लागि बजेट नदिएपछि बागमती प्रदेश सरकारले महत्व दिँदै बजेट उपलब्ध गराएको हो । दीर्घकालीन योजना बनाएर आवश्यक बजेट विनियोजन गर्दै बजेटअनुसारको योजना कार्यान्वयनमा गम्भीर बन्ने हो भने केही वर्षमा गौरीटार रंगशालाले पूर्णता पाउने आशा गर्न सकिन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |


## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : अतिथिका रुपमा सम्मानित हुने समय छ । |
| वृष | : कामका लागि आशावादी बनिने समय छ । |
| मिथुन | : नयाँ काम र जिम्मेवारी थपिने समय योग छ । |
| कर्कट | : विपरीत परिस्थितिलाई सामना गर्ने समय छ । |
| सिंह | : बिचार र भावनामा परिने समय योग छ । |
| कन्या | : परम्पराको पालना गर्दा लक्ष्यमा पुगिएला । |
| तुला | : धार्मिक र सामाजिक काममा मन जाने छ । |
| वृश्चिक | : व्यापार–व्यवसाय ठिकै रहने समय छ । |
| धनु | : कर्तव्य र दायित्वका बारेमा गम्भिर बन्नु पर्ला । |
| मकर | : बन्द व्यापारबाट लाभ प्राप्त हुने समय योग छ । |
| कुम्भ | : नयाँ अवसरहरु प्राप्त हुने समय योग रहेको छ । |
| मीन | : काममा सावधानीपूर्वक कदम चाल्दा राम्रो रहने छ । |

# उपनिर्वाचनले दिएको संकेत



बिमल केशरी पौडेल





उप-निर्वाचन २०८१ अन्तर्गत इलाममा प्रतिनिधिसभा र बझाङ्गमा प्रदेश सभाको उपनिर्वाचनको परिणाम आएको छ । दुवै स्थानमा एमालेका उम्मेदवार विजयी भएका छन् । बझाङ्गमा एमाले र कांग्रेस बीच कडा प्रतिस्पर्धा देखिन्छ र एमालेले आफ्नो पुरानो साख फर्काएको छ। माओवादी केन्द्र र नेकपा (एस) तेस्रो र चौथो शक्तिका रुपमा देखिएका छन् । सबैभन्दा बढी चर्चामा रहेको इलामको निर्वाचन परिणाम एमालेको पकड रहेको र संबिधान सभा अध्यक्ष सुवास नेम्बाङ्गको निधनपछि खाली भएको स्थानमा उहाँकै छोराको जित, आफ्नै बुबाको प्रतिद्वन्द्वीलाई हराएर हुनु, एमालेका लागि सुखद रहेको छ ।

इलामको निर्वाचन बढी चर्चामा रहेको कारण यस निर्वाचनलाई दुवै ठूला पार्टीहरु कांग्रेस र एमालेले प्रतिष्ठाको विषय बनाउनु र रास्वपाले आफ्नो संगठन विस्तार तथा लोकप्रियताको लहरको कसिको रुपमा लिनु थियो । एमालेका अध्यक्ष केपी ओली, कांग्रेसका महामन्त्रीहरु गगन थापा र विश्वप्रकाश शर्मा र रास्वपाका शिर्ष नेताहरुको चुनावी दौडाहाबाट इलामको उप-चुनावको महत्व देख्न सकिन्छ । यसको साथै कोशी प्रदेश नामांकनबाट असन्तुष्ट पहिचान पक्षधरहरुले विगत एक बर्षदेखि चलाएको आन्दोलन र त्यसको राप उप-निर्वाचनमा पर्ने संकेतले पनि ठुला र नवोदित दलका नेताहरुलाई झस्काएको हुनु पर्छ ।

प्रतिनिधिसभा उप-निर्वाचन, विशेषगरी इलामको निर्वाचनले केहि संकेत गरेको छ। १. कांग्रेस र एमाले अझै पनि स्थापित शक्ति हुन् । २. आक्रामक प्रचारमा उत्रेको रास्वपा स्वतन्त्र पहिचान पक्षधर भन्दा पछाडि चौथो स्थानमा ( पाँच हजार भन्दा बढी मत- जमानत जोगाउन असफ़ल) रहनु उसका लागि सुखद होइन । रास्वपाका लागि इलाम उपनिर्वाचन एउटा झट्का नै हो । काठमाडौँका युवा, शिक्षित, परिवर्तन चाहने र चितवनका मतदाताले मौका दिएको आधारमा इलाममा पनि त्यस्तै परिणामको आशा राख्नु रास्वपाको लागि सुखद रहेन । सहकारी बचत अपचलन सम्बन्धमा रास्वपाका सभापति लगायत पदाधिकारीहरु संलग्न रहेको समाचारले पनि निर्वाचन परिणाम प्रभावित भएको हुन् सक्छ ।

३. पहिचान पक्षधर उम्मेदवारको निर्वाचनमा तेश्रो स्थान (एघार हजार भन्दा बढी मत) प्राप्ति आगामी दिन पहिचान पक्षधरका लागि शुभ संकेत र ठूला पार्टीहरुका लागि चुनौती पनि हो। पहिचान पक्षधरले आफ्नो संगठन विस्तार र प्रचारमा ध्यान केन्द्रित गर्ने हो भने आगामी संसदीय निर्वाचनमा स्थापित शक्तिको रुपमा उदाउने सम्भावना देखिन्छ । ४. कांग्रेसलाई दुवै ठाउँबाट हारको झट्का लागेको छ। यसबाट चुनाव अघि गठबन्धन गर्नु हुन्न भन्ने कांग्रेसका दुवै महामन्त्रीको अडान कमजोर पर्न सक्छ र देउवा पक्षधर उत्साहित हुन सक्छन। ५. राजावादी एजेन्डा बोकेर आन्दोलनमा उत्रेको राप्रपाले दुवै ठाउँमा पाएको अत्यन्तै कम मत परिणामले राजावादी र यसका पछि लाग्नेहरुले आफ्नो हैसियत बुझ्न सक्नु पर्छ ।

# नेपालको कानूनी इतिहास



भोजराज सञ्जेल



नेपालको कानूनी इतिहास धर्ममा आधारित भएको पाइन्छ । विभिन्न समयमा तत् तत् समयमा प्रचलनमा रहेका धर्मग्रन्थ, संस्कृति, सामाजिक मान्यता, सद्विवेकको आधारमा त्यसबेलाको न्याय प्रणाली निर्देशित भएको पाइन्छ । नेपालको कानून खासगरी हिन्दू विधिशास्त्रमा आधारित रहेको देखिन्छ । यद्यपि नेपालमा हाल कमन लको न्याय प्रणाली विद्यमान रहेको छ । हिन्दू धार्मिक प्रणाली खासगरी वेद लगायतका धार्मिक शास्त्रहरूमा आधारित रहेको छ । यो इशापूर्व ४००० देखि १००० को बीचमा विकास भएको हो । यसले श्रुति, स्मृति आदिका आधारमा न्याय प्रणाली निर्देशित गर्दथ्यो । त्यसबेला मितक्षडा र दयाभाग २ किसिमका कानूनहरू रहेका थिए । मितक्षडा विज्ञानेश्वरले तयार गरेका हुन् । यसले महिलालाई बढी अधिकार दिएको हुनाले यसलाई अझ बढी उदार ठानिन्छ । दयाभाग जिमुदवानले तयार गरेका हुन् । यसले सम्पत्तिको उत्तराधिकार छोरामा सर्दै जाने व्यवस्था गरेको थियो । नेपालको कानूनी प्रणालीको अध्ययन गर्दा ऐतिहासिक रूपमा किराँतकाल, लिच्छविकाल, मल्लकाल, राम शाहकाल, पृथ्वीनारायण शाहकाल, राणाकाल, आधुनिक कालको छुट्टा-छुट्टै अध्ययन एवम् विश्लेषण गर्नुपर्ने हुन्छ । नेपालमा कानूनी शासन व्यवस्था किराँतकालबाट सुरू भएको देखिन्छ ।

### १. किरातकाल :

किराँतकालमा कुँथेर, शुल्ली, लिग्वल र माप्चोक गरी ४ वटा विभिन्न क्षेत्र हेर्ने न्यायाधीकरणहरू थिए । किराँतकालमा कानूनको सबैभन्दा प्रमुख श्रोत मुन्धुम थियो । मुन्धुम किराँतहरूको धर्मग्रन्थ पनि हो । मुन्धुम अन्तर्गत धुङसब र पेसप पर्दथे । धुङसब बेदमा आधारित थियो । खासगरी जन्म, मृत्यु, विवाह, सम्पत्ति आदि विषयमा नियमहरू बनाइएका हुन्थे ।

चोरी, डकैती, हत्या आदिलाई अपराध ठानिन्थ्यो । यस कालमा अन्तर जातीय विवाहले मान्यता पाएको थियो । सिन्को भाँची, पाँग्रो फोडी लोग्ने स्वास्नीको सम्बन्धविच्छेद गर्नु, ज्यानमारालाई मृत्युदण्ड दिने व्यवस्था रहेको थियो । किराँतकालमा जनतालाई अन्तिम न्याय दिने निकाय राजा हुन्थे । राजाले कानून बनाउने अधिकार निश्चित व्यक्तिलाई प्रत्यायोजित गर्न सक्थे ।

### २. लिच्छवीकाल :

लिच्छविकालमा विभिन्न स्मृति, धर्मग्रन्थ श्रुति, मनुस्मृति, यज्ञवल्क्य स्मृति, बृहस्पति स्मृति, नारद स्मृति र शुक्रनीतिका आधारमा कानूनी व्यवस्था सञ्चालन भएको पाइन्छ। लिच्छवीकालमा प्रशासनिक व्यवस्था हेर्न भट्टाधीकरण, महाधीकरण जस्ता निकायहरू दरबारमा थिए । न्याय हेर्नका लागि पूर्वाधीकरण र पश्चिमाधीकरण जस्ता निकायहरू तोकिएका थिए । त्यसबेला अपराधलाई पञ्चखपत तथा पञ्चमहापातकी गरी २ प्रकारमा वर्गीकृत गरिएको थियो । पञ्चखतमा चोरी, डकैती, हत्या, बलात्कार आदि पर्दथ्यो । पञ्च महापातकीमा ब्रह्महत्या, रक्सी सेवन, गुरूपत्नी गमन आदि पर्दथ्यो । यस बेला ३ किसिमका दण्डहरू प्रचलनमा थिए । बाकदण्ड-हप्काउने, धिकदण्ड-समाज निकाला र अर्थदण्ड-आर्थिक जरिवाना ।

### ३. मल्लकाल :

नेपाल सम्वत् ५०० वि.स. १४३६ तिर मल्ल शासनकालमा मानव न्यायशास्त्र नारदीप संहिता (नेवारी भाषामा) लेखी न्याय व्यवस्थाको थालनी गरियो । नासो धरौट, साझेदारी, दान बकस, दास, ज्याला मजदुरी, चोरी, बिक्री, व्यवहार, जग्गा, विवाह, लोग्नेस्वास्नी, अंशवण्डा, गाली बेइज्जती, जुवा जस्तो घरायसी व्यवहार र प्रचलनका विषयहरूमा मौलिक कानूनको निर्माण गरी समाज व्यवस्था चलेको पाइन्छ ।

### ४. राम शाह :

बिसं. १६६३ मा गोर्खा राज्यमा राम शाह राजा भएपछि उनले विभिन्न कानुनहरू बनाएर व्यवहारमा लागू गरे, जसअन्तर्गत बाटोघाटो, पँधेरामा रुख रोप्ने, ब्याजको निश्चित दरभन्दा बढी लिन नपाइने, तौल मानापाथी बराबर गर्नुपर्ने, आलोपालो गरी तेल पेल्नुपर्ने लगायतका १८ र २६ बुट्टामा नियम कानुन बनाएका थिए । राम शाहकै पालादेखि न्याय हराए गोर्खा जानु भन्ने उक्ति नै बन्न पुग्यो, पृथ्वीनारायण शाह पनि गोर्खा राज्यकै राजा हुन् तर उनले कानून बनाउनु भन्दा राज्य विस्तार गरी ठूलो राज्यको राजा हुने संकल्प गरे। राज्यकालमा आफ्नो दिव्य उपदेशमार्फत् सामाजिक न्याय प्रणालीलाई चुस्त राख्न महत्वपूर्ण भूमिका निर्वाह गरे ।

### ५. पृथ्वीनारायण शाह :

पृथ्वीनारायण शाहको कानूनी प्रणाली सम्बन्धी दिव्य उपदेशमा भनिएको छ, 'अदालतमा ठकुरी जाँची डिठा राख्नु, मगर जाँची विचारी थप्नु कचहरी पिच्छे एकएक पण्डित राखी शास्त्र बमोजिम अदालत चलाउनु, न्याय निसाफ बिगार्न्या भन्याका घुस दिन्या र घुस खान्या हुन्' यी दुईको धन र ज्यान लिएपनि पाप लाग्दैन' यस्ता मान्छे राज्यका महान् शत्रु हुन पृथ्वीनारायण शाहकालमा यज्ञवल्क्य स्मृति अन्तर्गत न्याय व्यवस्था सञ्चालन भएको इतिहासबाट पाइन्छ ।

### ६. राणाकाल :

राणाकालमा नेपालमा केही कानूनी विकास भएको देखिन्छ। मुलुकी ऐन बि.सं. १९१० (जंगबहादुरले लागू गरेको) नेपालको सबैभन्दा पहिलो लिखित कानून हो । यो पनि हिन्दू धार्मिक बिधिशास्त्रमा आधारित छ । नेपालको वैधानिक कानून २००४ (पद्म शम्शेरले लागू गरेको यो कानून) लाई नेपालको पहिलो संविधानको रूपमा मान्यता दिइएको छ ।

बिसं. १९०३ मा कोतपर्व मार्फत् जंगबहादुर राणाले शासनसत्ता आफ्नो हातमा लिए । त्यसपछिको कानूनी व्यवस्थालाई सुधार गर्नुपर्छ भन्ने ठानी २१९ जना विभिन्न व्यक्तित्व जम्मा गरी छलफल गराई १९१० को मुलुकी ऐन सम्पूर्ण राज्यभरि लागू गराए । त्यसो त जंगबहादुर राणा बेलायत भ्रमण जाँदा फ्रान्सका सम्राट नेपोलियनले बनाएको सिभिल कोड र बेलायतको कमन ल प्रणालीबारे जान्ने बुझ्ने मौका मिलेका हुँदा आफ्नो देशमा पनि कानून बनाएर शासन गर्नुपर्दछ भनी उक्त मुलुकी ऐन जारी गरिएको भन्ने भनाई पनि पाइन्छ । १७३ महलको मुलुकी ऐन नेपालको पहिलो लिखित कानूनी दस्तावेज हो। यो ऐनलाई परिमार्जित गर्दै अन्य राणा प्रधानमन्त्रीहरूले क्रमशः अड्डा अदालत कोटी लिङ्ग इटाचपटी, टक्सार र धनसार व्यवस्था गरे ।

न्यायपालिका एवम् न्यायालयको अवधारणा ल्याउने र उद्योग धन्दा, कृषि, बैंक तथा बीमा लगायतका कार्यहरू जुद्ध शमशेरको पालाबाट सुरुवात भएको थियो । बिसं. १९९७ सालमा प्रधान न्यायालय गठन गरिएको थियो । वीर शमशेरका पालामा मुलुकी अड्डा, गोश्वारा अदालत, चार अदालत र जिल्ला अदालतको व्यवस्था गरिएको हो । बिसं. १९६५ मा चन्द्र शमशेर बेलायत भ्रमण गएर फर्केपछि न्यायकर्तालाई 'न्यायाधीश' भन्ने पद दिनुपर्ने व्यवस्था गरे ।

*कक्षा-१२, कानुन संकाय, सिद्धार्थ मावि, हेटौंडा-२*

# पशु आहारा अभियानअन्तर्गत् स्थलगत तालिम

समाज संवाददाता

हेटौंडाः सप्ताहव्यापी पशु आहारा अभियानअन्तर्गत् २ दिने स्थलगत तालिम सुरु भएको छ । बागमती प्रदेश दुग्ध विकास बोर्डको आयोजना तथा मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संस्थाको समन्वयमा आइतबारबाट कार्यक्रम सुरु भएको हो । पशुको आहारामा लगानी कम गरेर गुणस्तर र सन्तुलित दूधको उत्पादन बढाउने उद्देश्यले आयोजना गरेको तालिम आज सोमबारसम्म सञ्चालन हुनेछ ।

बैशाख २९ गतेसम्म हुने सप्ताहव्यापी कार्यक्रममा छुट्टाछुट्टै समूहमा मानिसहरुलाई २ दिन प्रशिक्षण दिइनेछ । तालिममा सहभागीहरुलाई चितवन जिल्ला भरतपुर महानगरपालिकाको पशु सेवा शाखाका अधिकृत डा. सन्तोष घिमिरेले प्रशिक्षण दिनुभएको छ। उत्पादन र लागतलाई आहाराको माध्यमबाट कसरी घटाउने भन्ने उद्देश्यले कार्यक्रमको आयोजना गरेको डा. घिमिरेले बताउनुभयो । उहाँले दुग्ध उत्पादनमा लागत घटाउने उपाहरुको बारेमा बताउनुभयो । बढी उत्पादन गर्ने पशु पालेर संख्यामा कमी ल्याउन सकिने उहाँले बताउनुभयो । थोरै दूध दिने धेरै गाईवस्तु पाल्नुभन्दा बढी दूध दिने गाई पाल्दा फाइदा हुने उहाँले बताउनुभयो ।

गाईवस्तुहरुलाई दाना खुवाएर दूधको उत्पादन बढाएपनि मूल्य महङ्गो पर्ने भएकोले दूधको मूल्यमा असर पर्नसक्ने उहाँले बताउनुभयो । गाईवस्तुहरुलाई भुइँको घाँस र आफ्नो खेतबारीमा खेर गएको पातहरु प्रयोग गरी लगानीमा कमी ल्याउन सकिने जानकारी डा. घिमिरेले दिनुभयो । शरीर तन्दुरुस्त राख्न तथा शरीरको वृद्धिका लागि, शरीरको कोष तथा अंगहरुको निर्माणका लागि र पशुको सम्पूर्ण आहारामा न्यूनतम प्रोटिन उपलब्ध गराउनका लागि वस्तुहरुलाई प्रोटिनयुक्त खानेकुरा खुवाउन आवश्यक रहेको उहाँले बताउनुभयो ।

शरीरका लागि आवश्यक शक्ति कर्वोहाइड्रेटबाट प्राप्त गर्न सकिने उहाँले बताउनुभयो । कार्वोहाइड्रेटको कमीले शारीरिक वृद्धिदर कम हुने, बाली ढिलो लाग्ने, उत्पादन कम हुने, बान्ता आउने र धेरै कमी भएमा रोगहरुसँग लड्ने क्षमता कम हुने उहाँको भनाइ छ ।

पशुलाई घाँस खुवाउँदा जीवित तौलको ३ प्रतिशतले हुने सुख्खा पदार्थ दिन आवश्यक रहेको डा. घिमिरेले बताउनुभयो । उहाँले हरियो घाँसलाई सुख्खा बनाउँदा १ किलोग्राम सुख्खा पदार्थ पशुले पाउनका लागि पशुलाई ३ किलोग्राम हरियो घाँसपात खुवाउन आवश्यक रहेको उहाँको भनाइ छ। पुशलाई आहारा दिँदा उनीहरुको शरीरको स्थिति र उत्पादकत्व मौसमको आधारमा दिनुपर्ने उहाँले बताउनुभयो । घर खेतमा पाइने घाँस संरक्षण गर्नका लागि वर्षायाममा वृद्धि भएको घाँसलाई सुख्खा याममा खुवाउनुपर्ने उहाँले बताउनुभयो। सुकेको पराललाई युरियाको उपचारका लागि खुवाएर उत्पादन बढाउने बताउनुभयो ।


## जसपा फुटेर बनेको नयाँ दल

# श्रीमान अध्यक्ष, श्रीमती उपाध्यक्ष

काठमाडौंः जनता समाजवादी पार्टी (जसपा) फुटाएर नयाँ दल बनाएका अशोक राईले आफ्नो पदाधिकारी पनि तोकेका छन्। प्रस्ताविज जनता समाजवादी पार्टीमा अध्यक्ष अशोक राई छन् । संघीय परिषद्को अध्यक्ष राजेन्द्र श्रेष्ठ छन् भने रेणु यादवलाई सहअध्यक्ष तोकिएको छ।




नयाँ दलमा नवल किशोर साह सुडी, रणध्वज लिम्बु, परशुराम बस्नेत र सुशीला श्रेष्ठ गरी चार जना उपाध्यक्ष छन् । सुशीला श्रेष्ठ अध्यक्ष अशोक राईकी श्रीमती समेत हुन्। महासचिवमा ईस्तियाक राई, उपहासचिवमा प्रदीप यादव छन् भने सचिवमा दीपक कार्की र रञ्जु ठाकुर तथा कोषाध्यक्षमा वीरेन्द्र महतो छन्। वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंह समेत नयाँ दलतिर लागेका छन्। *स्रोतः अनलाइनखबर ।*




# बालजागृतिका विद्यार्थीको आवाज

BALJAGRITI ENGLISH SECONDARY SCHOOL
Hetauda-2

## आमा (गीत)



रिमोन केसी

ताते ताते गर्दै मलाई हिँड्न सिकायौ आमा ।
तोते बोली गर्दै मलाई बोल्न सिकायौ आमा ।।
मेरी आमा... मेरी आमा...मेरी आमा...

ममताको अर्को अर्थ तिमीलाई नै मान्छु म त
संसारको ठूलदो शिखर मेरी आमा ठान्छु म त
दुख पीडा भुली मलाई दुनियाँ देखायौ आमा
तोते बोली गर्दै मलाई बोल्न सिकायौ आमा
मेरी आमा... मेरी आमा... मेरी आमा...

रुँदा हाँस्दा तिमी मेरो जिन्दगीको साथ हुन्छौ ।
देवी देउता भन्दा तिमी धेरै धेरै माथि हुन्छौ ।।

काउकुती लागँदै मलाई हाँस्न सिकायौ आमा ।
तोते बोली गर्दै मलाई बोल्न सिकायौ आमा ।।
मेरी आमा... मेरी आमा... मेरी आमा...

*कक्षा-४*

## बा



श्रेयान्त पुडासैनी

सानो सानो कुरामा सहयोगी मेरा बा
दुख धेरै गरिदिने मेरा लागि मेरा बा

खान बस्न हिँड्न अनि पढाउने मेरा बा
सधैंभरि मेरो निम्ति डटिरहने मेरा बा ।

सानो सानो मेरो हातलाई समाउने मेरा बा
मेरा लागि भगवानरुपी सधैं मेरा बा ।

*कक्षा-४*

## नेपाल



इलिना सापकोटा

नेपाली हुँ नेपालकै भलो चिताउँछु
संसारमा नेपाललाई अघि बढाउँछु ।

नेपालमा पनि धेरै किसिमका काम छन्
किन होला मानिसहरु विदेशतिर जान्छन् ।


विदेशमा पनि मिहिनेत नगरी पैसा कमाइँदैन
नेपाल जस्तो अर्को देश खोजी पाइँदैन ।

नेपाली भएर नेपालकै राम्रो सोँच्नुपर्छ
संसारमा नेपाललाई चिनाउनु पर्छ ।

प्रकृतिले भरिएको नेपाल नै राम्रो
हरियालीले छाएको सुन्दर देश हाम्रो ।

*कक्षा-५*

## चित्रकला



श्रेयान्त पुडासैनी
कक्षा-४



सिद्धार्थ पौडेल
कक्षा-४

## दृष्टिविहीन शिक्षिका अञ्जु धितालको संघर्ष

# ‘आँखा नदेख्नेले कसरी पढाउँछ’ भनेको त्यो दिन, पढाएकै कारण पुरस्कार पाएको यो क्षण

**सुनिता विष्ट/नेपालखबर**

हेटौँडाः उमेरले ५ महिना टेक्दै थियो। काखमा लिएर खेलाउँदा, बोलाउँदा फर्किएर नहेर्ने, एकोहोरो हुने समस्या देखियो । आफ्नी सानी छोरीमा यस्तो समस्या देखिएपछि ठूलो चिन्तामा परे- हरिप्रसाद धिताल र सरस्वती धिताल । त्यसपछि सुरु भयो- छोरीको आँखा ठीक पार्न धामीझाँक्रीदेखि देवीदेवताको भाकलसम्म । तर जति गर्दा पनि बीसको उन्नाइस भएन । छोरीका आँखा झन्झन् साना हुँदै गए । आँखाको नानी घुमाउन पनि छाडिन् ।

त्यसपछि गाउँका केही मानिसको सल्लाहमा सरस्वती छोरी लिएर काठमाडौंस्थित तिलगंगा अस्पताल पुगिन् । तर दुर्भाग्य ! चिकित्सकले आँखाको नसा सुकिसकेकाले उपचार सम्भव नहुने बताए । डाक्टरको यस्तो जवाफ सुन्नासाथ सरस्वतीलाई आफ्नै दृष्टि गुमेजस्तै भयो । वरिपरि अँध्यारो छायो। तर वास्तविकता स्वीकार्नुको विकल्प थिएन । समय बित्दै गयो । हरिप्रसाद र सरस्वतीले छोरीको नाम अञ्जु राखिदिए । सुरुसुरुमा उनीहरूलाई आफ्नो सन्तान दृष्टिविहीन भएको कुरा बताउन निकै सकस पर्‍यो। तर बिस्तारै आफन्तहरूलाई थाहा पाउँदै गए। त्यसपछि भने सरस्वतीले मन अलि हलुंगो भएको महसुस गरिन् । दुई/तीन वर्ष यत्तिकै बित्यो ।

वि. सं. २०४६ मा बाराको जितपुर सिमरा उपमहानगरपालिका-१, पथलैयामा जन्मिएकी अञ्जु २०५१ सालमा गाउँमै रहेको दृष्टिविहीनहरू नै पढ्ने विद्यालयमा भर्ना भइन्। ब्रेललिपिमा उनले सो विद्यालयमा ५ वर्ष मात्र पढिन्। यसपछि थप पढाइका लागि अञ्जु उपमहानगरपालिकाकै वडा नम्बर १५ मा रहेको श्री नीरा उच्च माध्यमिक विद्यालय गइन्। त्यहाँबाट जब उनले कक्षा १२ उत्तीर्ण गरिन्, तब उनले बाहिरी आँखाले नदेखे पनि भित्री आँखाले संसारको उज्यालो देख्न थालिन् । ‘सानो हुँदा त साथीहरूले आँखा नदेख्ने भनेर गर्ने व्यवहारले निकै मन दुखायो’, बालापन स्मरण गर्दै उनी भन्छिन्, ‘धेरै रोएँ। जीवन कसरी बिताउने होला भन्ने सोचेर एकताका त मेरो पढाइ नै बिग्रिसकेको थियो । तर मैले हिम्मत हारिनँ।’ कक्षा १२ पूरा गरेपछि २०६४ सालमा अञ्जु वीरगन्जस्थित ठाकुर राम बहुमुखी क्याम्पसमा भर्ना भइन्। जहाँ उनले नेपाली विषय लिएर ३ वर्षे स्नातक तह पूरा गरिन् ।

**अनि बनिन् शिक्षिका**

२०७४ सालपछि त अञ्जुले आफ्नै उपमहानगरपालिका (जितपुर-सिमरा-१४) मा रहेको श्री जनता माध्यमिक विद्यालयमा निजी स्रोतबाट शिक्षिकाको जागिर सुरु गरिन्। ब्रेललिपिमा आफूजस्तै दृष्टिविहीन बालबालिकालाई पढाउन पाउँदा उनलाई गर्वको महसुस भयो । ‘कहिले कति भाग्यमानी छु जस्तै लाग्थ्यो, कहिले कुन जन्मको पापले यस्तो भएर धर्तीमा आउन परेको होला भन्ने जस्तै लाग्थ्यो। तर थुप्रै उत्तरचढाव पार गरेर शिक्षिकाका रूपमा कक्षाकोठामा उभिन पाएँ, त्यसपछि भने गर्व लाग्यो। त्यसपछि दृष्टिविहीन हुन पर्‍यो भनेर कहिल्यै दुखी भइनँ।’

शिक्षिका बन्न पाउँदा अञ्जुको मन त भरियो, तर निजी स्रोतको शिक्षकलाई दिइने तलब सुविधाले गोजी भरिएन । त्यसपछि उनले २ वर्ष एउटा एनजीओमा काम गरिन्। त्यस क्रममा उनले सुनसरीमा रहेको कोसी माध्यमिक विद्यालयमा पनि २ वर्ष पढाइन् । मनको एउटा कुनामा स्थायी शिक्षक भएर स्थापित हुने इच्छा यथावत् थियो । त्यसैले उनले सँगसँगै शिक्षक सेवा आयोगको तयारी पनि गरिरहेकी थिइन्। २०७९ सालमा अञ्जुको त्यो सपना साकार भयो । शिक्षक सेवा आयोगमा प्राथमिक तहमा पास भइन् । सोही वर्षको चैत २६ गतेदेखि सर्लाहीको हरिवन नगरपालिका-२, अत्रौलीमा रहेको श्री रामऔतार जनता माध्यमिक विद्यालयमा पढाउन सुरु गरिन् ।

**लाइसेन्स प्रावि, पढाउने मावि**

उक्त विद्यालयमा प्राथमिक तहका विद्यार्थीलाई पढाउन भनेर उनलाई खटाइएको थियो। तर हाल अञ्जु माध्यमिक तहका विद्यार्थीलाई पढाइरहेकी छिन्। उनी अहिले कक्षा १० सम्मका विद्यार्थीलाई नेपाली विषय पढाउँछिन् । ‘साना बालबालिकालाई पढाउन अलि गाह्रो भएजस्तो भयो। पढाउन त सक्छु, नसक्ने होइन । धेरै लेखेरै अक्षर चिनाउन पर्ने भएकाले विद्यालयका प्रधानाध्यापकले नै माध्यमिक तहका विद्यार्थीलाई पढाउने अनुमति दिनुभयो’, उनले सुनाइन्, ‘ठूला कक्षाका विद्यार्थीलाई पनि सजिलै पढाउन सक्छु । त्यही क्षमता देखेर पनि होला सायद उहाँहरूले मेरो सजिलोका लागि यति कम्प्रमाइज गरिदिनुभयो ।’

**नपत्याइएकी शिक्षिका**

शिक्षक सेवा आयोगमा नाम निकालेर आएकी उनलाई सुरुमा विद्यालयले राख्न आनाकानी नगरेको होइन। हरिवन नगर पालिकाको शिक्षा शाखाले उक्त विद्यालयमा कुरा गरिदिएको थियो। विद्यालयमा सहजै हाजिर गर्न पाएकी अञ्जुका लागि पढाउने वातावरण भने त्यति सहज बनेन, जति उनलाई लागेको थियो। तत्कालीन प्रधानाध्यापक निरञ्जन कार्की र वडाध्यक्षले सजिलै हाजिर गर्न अनुमति दिए पनि समाजले उनलाई पत्याएन । ‘दृष्टिविहीनलाई किन स्कुलमा ल्याएको ? आँखा नदेख्नेले कसरी पढाउँछ ? दृष्टिविहीन शिक्षकलाई त यस्तै नदेख्ने विद्यार्थी पढ्ने विद्यालयमा पो पठाउन पर्छ त ! हाम्रा छोराछोरी अर्कै स्कुलमा लैजान्छौँ भन्नेसम्मका विरोध आए’, उनले तीतो अनुभव सुनाइन् ।

तर उतिबेला पनि सोही विद्यालयको प्रधानाध्यापकको सहयोगले उनको पाइला डगमगाउन पाएन । नेपाल सरकारले नै जाँच लिएको बेला आँखा देख्नेहरूसँगको प्रतिस्पर्धा गरेर आएको शिक्षकमा खोट लगाउन नहुने भन्ने जवाफ अभिभावकहरुलाई दिएपछि बल्ल समाजले आफूलाई शिक्षिकाका रुपमा स्वीकारेको उनी बताउँछिन् ।

**भिन्न क्षमताको राष्ट्रिय पुरस्कार**

शनिबार हेटौँडामा आयोजित भीम विराग संगीत कला प्रतिष्ठानले अञ्जुलाई ‘आजितसेन गुप्ता स्मृति भिन्न क्षमता पुरस्कार’ प्रदान गर्‍यो । फरक क्षमताको भएर पनि शिक्षक सेवा आयोगको परीक्षा पास गरी शिक्षक बन्न सफल भएको भनी उनलाई पुरस्कार प्रदान गरिएको आयोजक बताउँछ।


# हार्दिक समवेदना



**स्व. मिथिलेस कुमार मिश्र**

यस विद्यालयका शिक्षक मुकेश मिश्रका पुजनीय पिता **मिथिलेश कुमार मिश्र**को निधनको खबरले मर्माहत भएका छौं । यस दुखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**नवीन सिग्देल**
अध्यक्ष, विद्यालय व्यवस्थापन समिति

**माधवप्रसाद दाहाल**
प्रधानाध्यापक

**एवम् भुटनदेवी माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) परिवार**
हेटौँडा-४, मकवानपुर

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

*प्रथमपटक सूचना प्रकाशित मितिः २०८१/०१/२३*

यस युसेस बचत तथा ऋण सहकारी संस्था लि.का लागि करार सेवामा रहने गरी निम्न अनुसार काम गर्न कर्मचारीको आवश्यकता भएको हुनाले इच्छुक योग्य नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रितपूर्वक निवेदन आव्हान गरिएको छ ।

**विज्ञापन .१/२०८०/२०८१**

१. पद : ऋण सहायक/कम्प्युटर
२. संख्या : १ (एक)
३. परीक्षाको किसिम : लिखित र मौखिक दुबै
४. न्यूनतम शैक्षिक योग्यता : १०+२ उतीर्ण
५. लिङ्ग : पुरुष
६. उमेर : १८ बर्ष पूरा भई ३५ बर्ष ननाघेको
७. वान्छनीय योग्यता : कम्प्युटरमा दक्ष तथा सवारी साधन चलाउने अनुमति प्राप्त भएको ।
८. पारिश्रमिक सुविधा : संस्थाको नियमअनुसार हुनेछ ।
९. कामको प्रकृति : कार्यालय/ऋण अनुगमन तथा असुली ।
१०. सम्पर्क : दर्खास्त दिने अन्तिम मितिको भोलिपल्ट दिनको १ बजे ।
११. परीक्षा समय र मिति : सम्पर्क मितिमा जानकारी गराइनेछ ।
१२. परीक्षा दस्तुर : रु. ५००/-

**१३ आवश्यक कागजातहरू :**

क) नागरिकताको फोटोकपी
ख) वायोडाटा
ग) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी
घ) कम्प्यूटर तथा अन्य अनुभव सम्बन्धी योग्यताको र चालक अनुमति प्रमाणपत्रको प्रतिलिपी, लाइसेन्सको प्रमाणपत्रको प्रतिलिपी
ङ) पासपोर्ट साइजको फोटो २ थान
च) दरखास्त दिने स्थानः युसेस बचत तथा ऋण सहकारी संस्था लिमिटेडको कार्यालय

**थप जानकारीका लागि**
**युसेस बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**हेटौँडा-४, पारिजातपथ (०५७-५२४४४७)**

## शिक्षक आवश्यकता

*दोस्रोपटक सूचना प्रकाशित मितिः २०८१/०१/२४ गते*

उपरोक्त सम्बन्धमा शिक्षा विकास महाशाखा हेटौँडाको चलानी नम्बर ६५०९, मिति २०८० फागुन ३० गते प्राप्त शिक्षक पदपूर्ति अनुमतिपत्र र यस विद्यालय व्यवस्थापन समितिको मिति २०८० चैत ३० गतेको बैठकको निर्णयअनुसार यस विद्यालयमा रिक्त रहेको तपसील बमोजिम शिक्षक पदपूर्ति गर्न प्रथम पटक मिति २०८०/१२/४ गते प्रकाशित सूचनाअनुसार प्राप्त आवेदकहरुसँग लिइएको परीक्षामा कुनै पनि उम्मेदवार प्रारम्भिक परीक्षामा समेत सफल हुन नसक्दा मिति २०८१/०१/२२ गते विद्यालय व्यवस्थापन समितिको निर्णयबमोजिम दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक योग्य नेपाली नागरिकहरुबाट तपशिल बमोजिम दरखास्त आव्हान गरिन्छ ।

**तपशिल**

**१) विज्ञापन नं. २/०८०/०८१**
२) तहः मावि (प्रदेश अनुदान)
३) आवश्यक संख्याः १ (एक)
४) विषयः अंग्रेजी १ (एक) जना,
३) उमेर १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको ।
४) न्यूनतम शैक्षिक योग्यताः मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा स्नात्तक वा सो सरहको परीक्षा उत्तिर्ण गरी मावि तहको अध्यापन अनुमतीपत्र प्राप्त ।
५) परीक्षाको किसिमः लिखित, मौखिक तथा आवश्यक परेमा कक्षा अवलोकन ।
६) सेवा सुविधाः बागमती प्रदेश सरकारको नियमानुसार ।
७) दरखास्त दस्तुर रु २,०००/-
८) दरखास्त दिने अन्तिम मिति २०८१/०१/३० गते विद्यालय समयसम्म ।
९) आवश्यक कागजातहरुः शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि २/२ प्रति, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि २/२ प्रति, अध्यापन अनुमतिपत्रको प्रतिलिपी २/२ प्रति, शिक्षण अनुभवको प्रमाणपत्रको प्रतिलिपि २/२ प्रति हस्तलिखित निवेदन ।

**सम्पर्क नं. ९८५५०-७०५०६ (प्रधानाध्यापक)**
**९८११२८६१११ (वि.व्य.स. अध्यक्ष)**

प्रधानाध्यापक
**श्री भृकुटी माध्यमिक विद्यालय**
**हेटौँडा-१४, उत्तरपानी**

## डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध ।

वनमा आगो लगाउनेलाई वन ऐन– नियम अनुसार ३ वर्ष कैद वा ६० हजार रुपैँयासम्म जरिवाना वा दुवै सजाय हुनसक्दछ, त्यसैले वनमा आगो लगाउने वा आगो लागि हुन सक्ने कार्य नगर्न नगराउनु हुन सम्पूर्णमा अनुरोध गरिन्छ । डढेँलो लागेको देखिएमा सबै समुदाय मिली तत्कालै डढेँलो निभाऔँ । डढेँलो नियन्त्रणमा आउन नसके वन समूह,नजिकको वन कार्यालय वा सुरक्षा निकायमा तुरुन्तै खबर गरौँ ।

**डिभिजन वन कार्यालय, मकवानपुर**

## जनस्वास्थ्य कार्यालय, मकवानपुरद्वारा जनहितमा जारी सन्देश ।।

बालबालिकाहरुलाई विभिन्न रोगहरुबाट बचाउन जन्मे देखि १५ महिना सम्मको उमेरमा १३ वटा रोगहरु विरुद्धका खोपहरु नेपाल सरकारबाट निःशुल्क उपलब्ध हुन्छ । बालबालिकालाई उमेर अनुसार लगाउनु पर्ने सबै खोपहरु पुरा गराए मात्र बालकालिकालाई स्वास्थ्य राख्न तथा संक्रामक रोगहरुबाट बचाउन सकिन्छ ।

तसर्थ, १५ महिना उमेर भित्रमा लगाउनुपर्ने सबै खोपहरु समयमै पुरा गराऔ । १५ महिनामा लगाउनुपर्ने दादुरा रुबेला दोस्रो मात्रा र टाईफाइड लगायतका खोपहरु छुट भएको भए नजिकको खोप केन्द्रमा लगि सबै खोपहरु तोकिएको उमेरमा पुरा गराऔं । पूर्ण खोप लिएमा मात्र बालबालिकालाई रोगहरुबाट सुरक्षित राख्न सकिन्छ ।

खोपहरु लगाए पनि सधैं सरसफाईका सबै व्यवहारहरुको पालना गरौं । खोप सम्बन्धि कुनै जानकारी आवश्यक परेमा नजिककै स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी, म.स्वा.स्वय.से.वा निशुल्क कल सेन्टर ११९५ मा सम्पर्क गरौं याद गर्नुहोस । जन्मे देखि १५ महिना सम्मको उमेरमा लगाउनुपर्ने सबै खोपहरु पूरा गराए मात्र बालबालिकालाई स्वास्थ्य राख्न तथा संक्रामक रोगबाट बचाउन सकिन्छ ।

**जिल्ला खोप समन्वय समिति तथा जनस्वास्थ्य कार्यालय, मकवानपुर**

## सम्पर्कमा आउने बारे

यस संजीवनी बचत तथा ऋण सहकारी संस्था लि. हेटौडा-५ (प्रथम पक्ष) रिटर्नी कृषि तथा पशुपालन कम्पनी लि.का संचालक संयोजक श्री सरोज पुडासैनी (दोश्रो पक्ष) प्रथम पक्षको नाममा वडा नं. ०५ को आफ्नो भवनमा रहेको २ सटर भएको ४ कोठा र उक्त संस्थाको खालि जग्गामा मिति २०७९ साल भाद्र ०१ गते भाडामा दिने भन्ने भएको सम्झौता अनुसार दोस्रो पक्षले हाल सम्म भाडा नदिई फरार रहेको र सम्पर्क गर्दा सम्पर्क पनिहुन नसकेको र निजले गोदाम समानहरु छोडी बेपत्ता भएकाले यो सुचना प्रकाशीत मितिले १५ (पन्ध्र)दिन भित्र संस्थामा आई सम्पर्क गरिदन विनम्र अनुरोध गर्दछौं । साथै सम्पर्कमा नआएमा कानुन बमोजीम हुने व्यहोरा जानकारी गराउँदछौं ।

**संजीवनी बचत तथा ऋण सहकारी संस्था लि.**
**हेटौँडा-५, पिप्ले**

## साताव्यापी पशु आहार अभियान कार्यक्रम

पशुको आहारमा लागत कम गरी गुणस्तरीय र सन्तुलित आहारद्वारा दूधको उत्पादन बढाउने अभियान ।

मितिः २०८१ साल बैशाख २३ गतेदेखि बैशाख २९ गतेसम्म मकवानपुर जिल्लामा ।

**आयोजक**
**प्रदेश दुग्ध विकास बोर्ड, बागमती प्रदेश**

**सह-आयोजक**
**जिल्ला दुग्ध उत्पादक सहकारी संघ, मकवानपुर**


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ